# सरावल गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी

**गहुँको उन्नत बीउ आपुर्ती सम्बन्धी सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८१/०६/१८

यस कार्यालयको चालु आ.ब.२०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम बमोजिम कार्यक्रम संचालन गर्न आवश्यक पर्ने उन्नत जातको गहुँको बीउ आपूर्ति गर्नु पार्ने भएको हुँदा के कति दररेटमा उल्लेखित गहुँको बीउ उपलब्ध गराउन सक्ने हो सो उल्लेख गरी इजाजत प्राप्त संस्था, फर्म र कम्पनीको लागि १५ दिने सुचना प्रकाशित गरिएको छ। इच्छुक आपुर्तिकर्ताले निम्न शर्त पालना गरी तोकिएको म्याद भित्र यस कार्यालयमा सिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध छ।

..............................
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

१. प्रस्तावना खरिदको लागि निवेदन साथ आ.ब. २०८०/०८१ को आयकर चुक्ता प्रमाण पत्र, बीउ बिजन कारोबारका लागी इजाजत प्रमाण पत्र, स्थायी लेखा नम्बर वा मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र,स्रोत बीउ खरीद गरेको स्रोत तथा परिमाण, अन्तिम खेत निरिक्षण प्रतिवेदन,संलग्न राखी सिलबन्दी दरभाउपत्र दस्तुर यस कार्यालयको राजश्व शाखामा नगदै दाखिला गरि वा रा.बा. बैक परासीमा रहेको राजश्व खाता नं.३१००१००३०१०१००००३ मा राजश्व शिर्षक नं. १४२२९ मा दाखिला गरेको सक्कल भौचर राखी खरिद गर्नुपर्नेछ।

२. आपूर्ति गरिने बीउको हरेक लटको आधिकारिक प्रयोगशालाबाट जारी भएको प्रयोगशाला परिक्षण (Germination, Purity Moisture) रिपोर्ट समेत पेश गर्नु पर्ने छ।

३. आपूर्तिकर्ताले नेपाल सरकार राष्ट्रिय बीउ बिजन समितिबाट तोकिए बमोजिमको मापदण्ड एवम् न्यूनतम गुणस्तर पुगेको उन्नत बीउ मात्र आपूर्ति गर्नुपर्नेछ।

४. सरावल गाँउपालिकाको कार्यालयले आवश्यकता अनुसार बीउको गुणस्तरका लागी Technical Audit गर्न सक्नेछ।

५. आपूर्तिकर्ताले दरभाउ पत्र पेश गर्दा सम्पुर्ण खर्च समावेश गरी पेश गर्नुपर्नेछ र तोकिएको डेलिभरी स्थान सम्म ढुवानी गर्नुपर्नेछ तर ढुवानी वापत थप रकम उपलब्ध गराईने छैन।

६. गहुँको उन्नत जातहरु मध्ये भृकटी, विजय, एन.एल ९७१ उपलब्ध गराउनु पर्नेछ।

७. आपुर्तिकर्ताले तल उल्लेखित प्राथमिकता तोकिएका जातहरुमात्र आपुर्तिका लागी आवेदन गर्न सक्नेछन अन्य जातहरु उल्लेख गरी दर्ता भएको आवेदनलाई मुल्याङ्कनका लागी सो जातहरु समावेश गरिने छैन।

८. विभिन्न आपूर्तिकर्ताबाट फरक - फरक जात वा एउटै जात खरिद गर्न सकिनेछ।

९. तोकिएको गहुँको परिमाणको कम्तीमा १५ प्रतिशत थपघट गरी खरीद गर्न सकिनेछ।

१०. कार्यालयबाट स्वीकृत भएका आपुर्तिकर्ताहरुलाई अनुदान रकम भुक्तानी हुनेछ र बाँकि रकम बीउ वितरणका लागी तोकिएका क्रेताबाट आपूर्तिकर्ताले स्यमं भुक्तानी लिनुपर्नेछ।

११. राष्ट्रिय बाणिज्य बैंकको धरौटि खाता नं.३१००१००३०३००००००३ ग.३ मा दाखिला गरेको सक्कल भौचर वा जमानत प्राप्त बैकंबाट दरभाउ पत्रको अन्तिम मितिबाट लागु हुने गरि ४५ दिन म्याद सहित जारी भएको विडवन्ड संलग्न गर्नु पर्नेछ र सिलबन्दी दरभाउपत्र स्वीकृत भएमा थप २.५ प्रतिशत रकम जम्मा सहित सम्झौता गरी कार्यारम्भ गर्नु पर्नेछ।

१२. स्वीकृत कार्यक्रममा थपघट वा कुनै किसिमको संशोधन भई आएमा सोही बमोजिम हुनेछ।

१३. प्रथम पटक सुचना प्रकाशित मितिले १६ औं दिनको १२.०० बजेसम्म कार्यालयमा दाखिला गर्नुपर्ने छ। यदि उक्त दिन बिदा पर्न गएमा सोको भोली पल्ट निर्धारित समयमा नै कार्यालयमा दाखिला गरिसक्नुपर्नेछ। दरभाउपत्र कार्यालय प्रतिनिधि र प्रस्तावकर्ता वा निजको प्रतिनिधिको रोहवरमा सोही दिनको अपरान्ह २.०० बजे कार्यालयमा खोलिनेछ। प्रस्तावक वा निजको प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन। म्याद नाघी आएको, रित नपुगेको र सर्त राखिएको प्रस्ताव उपर कनै कारवाही गरिने छैन।

१४. प्रस्ताव स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१५. दरभाउपत्रको सम्वन्धमा विस्तृत जानकारी लिनुपरे यस सरावल गाँउपालिकाको कृषि बिकास शाखामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ।

१६. अन्य व्यहोरा सार्वजनिक खरिद ऐन र नियमावली, बीउ विजन ऐन र नियमावली र बीउ विजन मुल्य अनुदान उपलब्ध गराउने सम्वन्धि कार्यविधि २०७५ बमोजिम हुनेछ।

१७. **कुल लागत ईष्टिमेट**

| क्र.स. | खरीद गर्न सकिने जातको प्राथमिकिकरण | उन्मोचित वर्ष | लागत अनुमान | धरौटी रकम रु. | सिलबन्दी दरभाउ पत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | भृकुटी | | १८०००००/- | ४५०००/- | १०००/- | |
| २ | विजय | | | | | |
| ३ | एन.एल. ९७१ | | | | | |